# विद्युत नियमन आयोग

## (नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

उपभोक्ता विद्युत महसुल निर्धारणको लागि नेपाल विद्युत प्राधिकरणबाट प्राप्त प्रस्तावउपर सरोकारवालाको राय, सुझाव तथा प्रतिक्रिया लिने एवम् सार्वजनिक सुनुवाई गरिनेसम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०७८/०५/३०

नेपाल विद्युत प्राधिकरणले मिति २०७८/०५/११ मा यस आयोग समक्ष उपभोक्ता विद्युत महसुल निर्धारणको लागि पेस गरेको निवेदनमा विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २१ र नियमावली, २०७५ को नियम १९ बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था अनुसार आयोगले सम्पुर्ण सरोकारवालाहरूसंग राय, सुझाव तथा प्रतिक्रिया लिने उद्धेश्यका साथ विद्युत नियमन आयोग सार्वजनिक सुनुवाई सञ्चालन निर्देशिका, २०७६ अनुसार तपसिल बमोजिम सार्वजनिक सुनुवाई हुने जानकारी गराइन्छ । साथै तपसिल बमोजिमको प्रस्ताव सम्बन्धमा कुनै राय, सुझाव तथा प्रतिक्रिया भए पन्ध्र दिनभित्र यस आयोगमा उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।

तपसिल

१) सार्वजनिक सुनुवाई कार्यक्रमको मिति र समयः २०७८ साल असोज १४ गते बिहिबार, दिनको ११:३० बजे देखि १५:३० बजेसम्म ।

२) कार्यक्रम हुने स्थानः आयोगको सभाकक्ष, विद्युत विकास विभाग भवन, सानो गौचरण काठमाण्डौं ,

३) कार्यक्रममा सहभागि हुने अन्य माध्यमः Zoom (Zoom Meeting ID: 955 1711 2965, Passcode: 921539) वा विद्युत नियमन आयोगको Facebook पेज (www.facebook.com/ercnepal2019) मार्फत ।

४) प्रत्येक वक्ताले वढीमा पाँच मिनेटभित्र विद्युत महसुल सम्बन्धी आफ्नो राय, सुझाव तथा प्रतिक्रिया प्रस्तुत गर्नु पर्नेछ ।

५) कार्यक्रममा आयोग र नेपाल विद्युत प्राधिकरणका तर्फबाट निम्न पदाधिकारीहरूको उपस्थिती हुनेछ ।
**आयोगको तर्फबाटः** श्री दिल्ली बहादुर सिंह (अध्यक्ष), श्री डा. राम प्रसाद धिताल (सदस्य), श्री रामेश्वर प्रसाद कलवार (सदस्य), श्री भागीरथी ज्ञवाली (सदस्य) र श्री नूतन प्रकाश शर्मा (सचिव),
**नेपाल विद्युत प्राधिकरणका तर्फबाटः** श्री कुलमान घिसिङ (कार्यकारी निर्देशक), श्री जयराज भण्डारी (प्रमुख, आर्थिक विश्लेषण विभाग),

६) प्रस्तावको विस्तृत विवरण र कार्यक्रमको श्रव्यदृश्य आयोगको वेबसाइट (www.erc.gov.np/ct) मा प्रकाशन गरिनेछ र सोही पेज मार्फत पनि राय, सुझाव तथा प्रतिक्रिया प्रदान गर्न सकिनेछ ।

७) आयोगले प्राप्त गरेको राय, सुझाव तथा प्रतिक्रिया र सोसम्बन्धमा नेपाल विद्युत प्राधिकरणले दिएको प्रतिक्रिया समेत आयोगको वेबसाइट (www.erc.gov.np/ct) मा प्रकाशन गरिनेछ ।

८) सार्वजनिक सुनुवाई गरिने क्षेत्रमा रहेका ग्राहक संख्या र खपत हुने विद्युत युनिटः
ग्राहक संख्याः ४९ लाख २४ हजार ।
खपत हुने विद्युत युनिटः ९ अर्व, ४१ करोड, १० लाख युनिट (करिब) ।

९) विद्युत प्रसारण लाइनसम्बन्धी विवरणः
४००, २२०, १३२, ६६, ३३, ११ के.भि. र ४४०/२३० भोल्ट आदिका २,९४२ सर्किट कि.मि.को माध्यमबाट प्रसारण तथा १,७६,६५० सर्किट कि.मि.को माध्यमबाट वितरण हुने ।

१०)राय, सुझाव तथा प्रतिक्रिया मौखिक तथा लिखित रुपमा दिन इच्छुक सरोकारवालाले मिति २०७८ असोज १० गतेभित्र आयोगको कार्यालय रहेको ठेगानामा वा www.erc.gov.np वा info@erc.gov.np मार्फत अनुरोध पठाउन सकिनेछ ।

११)कार्यक्रममा ग्राहस्थ उपभोक्ता, उधोग व्यवासायी, सर्वसाधारण उपभोक्ताका प्रतिनिधिमुलक संस्था, सम्बन्धित स्थानिय तह, सञ्चार माध्यम तथा समस्त सरोकारवालालाई सम्भव भएसम्म माथि उल्लेखित Zoom ID मार्फत राय, सुझाव तथा प्रतिक्रिया प्रदान गर्नुहुन अनुरोध गरिन्छ ।